# २०६९ सालको मदन पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित कवि रत्न शमशेर थापाको उद्गार

**आदरणीय अध्यक्ष, डा. उपेन्द्रमान मल्लज्यू, राजन मुकारुङ्ज्यू, गुठीका सदस्य-सचिवज्यू, उपस्थित मूर्धन्य साहित्यकार, पत्रकार, लगायत यस समारोहमा उपस्थित साहित्य-अनुरागी भद्र महिला तथा सज्जन वृन्द !**

मैले ८-९ वर्षदेखि नै आफ्नो स्कूल पढ्दा मेरो साहित्य र संगीत तर्फ झुकाव भएको हो र त्यस वेलादेखि नै लेख्न सुरु गरेको हुँ। प्रकाशन भने मेरो आफ्नो स्वभावले ढिला हुन गएको हो किनकि मलाई आफूलाई प्रकाशन मार्फत चिनाइहाल्ने आतुरता थिएन। मलाई लेख्नलाई प्रेरणा दिने मेरा स्व. माता तुलाकुमारी थापा, सानीआमा स्व. उमा राना र मेरा कान्छा मामा स्व. रेमन्तबहादुर कार्की हुन्, स्व. रेमन्तबहादुर आफै पनि साहित्यकार थिए।

मेरो घरमा दिनहुँ जस्तो साँझ २-३ घण्टा सांगीतिक सभा हुने गर्थ्यो। त्यसमा म आफ्नै प्रयासले तबला बजाउँदथे, गीत पनि गाउँथे र साहित्य रचना पनि गर्ने गर्थें। पछि यो कुराको जानकारी पाएर मलाई मेरा अन्तरङ्ग मित्रहरूले यी कृतिहरू यसरी लेखेर राखेर मात्रै हुँदैन, यसलाई प्रकाशन पनि गर्नुपर्छ भनेर घचघच्याउँथे। फलस्वरूप संगालिएका रचना प्रकाशन हुन थाले, मेरो पहिलो रचना, "मन पर्छ त्यो रात" भन्ने शीर्षकको थियो। त्यो कविता पटना विश्वविद्यालयमा

पढ्ने नेपाली विद्यार्थीद्वारा प्रकाशित क्याम्पस पत्रिका 'उकालो' मा प्रकाशित भएको थियो। त्यो मेरो कविता त्यतिवेला आर एस मधुरको नाममा छापिएको थियो। यसले के पनि जनाउँछ भने त्यतिवेला पनि म अझै खास नामले चिनिन चाहँदैन थिएँ। तर पछि जब 'रूपरेखा'मा कविताहरू छापिन थाले, पत्रिकाका एक जना सम्पादक स्व. जनकनाथ प्याकुरेलले भने मेरो खास नाम 'रत्न शमशेर थापा'कै नाममा छापिदिए।

साहित्य रचना मैले आफै आत्मसन्तुष्टिका लागि शुरू गरें र निरन्तरता पनि दिएँ। जुनजुन विधामा लेखें, सबैमा पुरस्कृत पनि भएँ। मेरो घरको भित्तामा फुन्डिएका सम्मानपत्रहरूले पनि यो कुरा जनाउँद-छन्। मैले गीत संगीतको विधामा पनि योगदान गरेको छु भन्ने लाग्छ। २०१६ सालदेखि नै मेरा गीतहरू प्रेमध्वज, मानिकरत्न, नारायण गोपाल, अमर गुरुङ, तारा देवी, अरुणा लामा, योगेश वैद्य आदिले गाएर निकै लोकप्रिय भएका छन्। मलाई यो सम्झँदा र माइलो लाग्छ। संगीतकारद्वय प्रेम-मानिकका लयमा मैले रचिदिएको 'गोरेटो यो गाउँको खोजी खोजी थाकें नि, पैल्याउन सकिनँ' बोलको गीत २०२१ सालमा नेपालभरि नेपाल रेडियो, हाल रेडियो नेपालले आयोजना गरेको प्रतियोगितात्मक कार्यक्रममा प्रेमध्वजजीले गाएर पहिलो भई स्वर्ण पदक पाउनुभएको थियो।

मलाई मेरा सृजनामा प्रयोग गर्न पनि मन लाग्छ। त्यसैले मेरा रचनामा विविधता, स्तरीयता, नवीनता र काव्यिकता पाइन्छ भनेर पाठक र स्रोताहरूले मन पराएका छन्। म त्यसका लागि सबैलाई धन्यवाद दिन्छु। त्यही कारणले पनि होला, डा. अभि सुवेदीले मेरा रचनाहरूलाई अध्ययन गरेर मलाई 'युनिक पोइट' पनि भन्ने गरेका छन्।

म साहित्यमा लाग्ने साथीहरूलाई सधैं इमानदार रहेर आफ्नो सृजना गर्ने सल्लाह र सुझाव दिन चाहन्छु। साथै मेरो पुस्तकको भूमिका लेखिदिने मेरा समकालीन अन्तरङ्ग मित्र कवि, साहित्यकार डा. मोहन हिमांशु थापा साथै मेरो पछिल्लो साझा प्रकाशनद्वारा प्रकाशित कविता संग्रहको भूमिका लेखिदिने अर्का अन्तरङ्ग मित्र, आफै पनि सशक्त कविता सृजना गर्ने र पत्रकारितामा पनि उच्चता हासिल गरेका मदन रेग्मीलाई यो खुसीको वेलामा विशेष धन्यवाद दिन चाहन्छु।

मेरा रचनालाई मन पराइदिने अग्रजहरू, समकालीनहरू, नयाँ पुस्ताका साहित्यकार र अन्य सबै पाठक-स्रोताहरूलाई पनि विशेष घन्यवाद !

अन्त्यमा यो गरिमामय समारोह आयोजन गरेर हामीजस्ता साहित्यकारहरूको योगदानलाई सम्मान गर्ने यस गरिमामय संस्था मदन पुरस्कार गुठीका अध्यक्ष, सदस्य-सचिव लगायत सम्पूर्ण पदाधिकारीप्रति आभार व्यक्त गर्दै आफ्नो छोटो मन्तव्य यही अन्त्य गर्दछु।